# सरकारी वकीलको आचार संहिता, २०७३

**प्रस्तावना**

सरकारी वकीलहरुको आचरण र व्यवहार सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा विकसित सिद्धान्त एंव बिद्यमान् राष्ट्रिय कानून, प्रचलन, व्यवहार र न्यायिक संस्कृतिका बिभिन्न पक्षलाई समेत समेटी सरकारीवकीलको सेवालाई व्यवसायिक, मर्यादित र विश्वासिलो बनाउँन सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८(२) बमोजिम महान्यायाधिवक्ताबाट यो आचार संहिता जारी गरिएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१. यो संहिताको नाम "सरकारी वकीलको आचार संहिता, २०७३" रहेको छ।

१.२. यो आचार संहिता महान्यायाधिवक्ताबाट जारी भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

२.१. "आचार संहिता" भन्नाले सरकारी वकीलको आचार संहिता, २०७३ लाई जनाउने छ।

२.२ "सरकारी वकील" भन्नाले महान्यायाधिवक्ता, नायब महान्यायधिवक्ता, सह न्यायाधिवक्ता, उप न्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्तालाई सम्झनुपर्छ र सो शब्दले महान्यायाधिवक्ताले सरकारी वकील भई काम गर्न तोकेको कुनै कर्मचारी समेतलाई जनाउँछ।

२.३ "परिवारको सदस्य" भन्नाले सरकारी वकीलसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले निजको बाजे, बज्यै तथा सासु, ससुरा तथा एउटै निवासमा सँगै बस्ने अन्य नातेदार, घरमा राखेको कामदार, सहयोगी समेतलाई जनाउनेछ।

२.४ "आचरण" भन्नाले सरकारी वकीलबाट पालन गर्नुपर्ने व्यवहार, बानी बेहोरा, चालचलन वा चरित्रसमेत सम्झनुपर्दछ

३. **आचार संहिता पालना गर्नु पर्ने:**

यस आचार संहिताको पालना गर्नु प्रत्येक सरकारी वकीलको कर्तव्य हुनेछ।

महान्यायाधिवक्ताको कार्यालय

## परिच्छेद -२

## सरकारी वकीलले पालना गर्नु पर्ने आचार संहिता

**४.<u>सरकारी वकीलहरुको पेशागत आचरण:</u>**

सरकारी वकीलले देहाय बमोजिम पेशागत आचरण पालन गर्नु पर्नेछ ।

४.१ सरकारी वकीलले, सार्वजनिक हित एवं स्वार्थ र महान्यायाधिवक्ताको कार्यालय तथा अन्तर्गतका सरकारी वकील कार्यालयको मर्यादालाई सर्वोपरी राखी आफूलाई सुम्पिएको जिम्मेवारी स्वतन्त्र, निष्पक्ष, इमान्दार र उत्तरदायी भई पूरा गर्नुपर्छ ।

४.२ सरकारी वकीलले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै अवाञ्छनीय प्रभाव पार्न हुँदैन र पदीय मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्न हुँदैन ।

४.३ सरकारी वकीलले आफ्नो पद र पदीय मर्यादा कायम राखी सदैव अनुशासनमा बस्नु पर्नेछ र समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहार गर्नुपर्छ ।

४.४ सरकारी वकीलले आफ्नो पेशा प्रति सदैव मर्यादा एवं सम्मान राख्नु पर्छ ।

४.५ सरकारी वकीलले पेशागत नैतिकता एवं मुलुकको कानून बमोजिम सदैव पेशागत आचरण पालना गर्नुपर्छ ।

४.६ सरकारी वकीलले आफ्नो कार्य सम्पादन गर्दा पीडित, अभियुक्त, र अन्य नागरिकको व्यक्तिगत स्वतन्त्रताको सुरक्षा र सम्मान गर्नुपर्दछ ।

४.७ सरकारी वकीलले नेपालको संविधान, प्रचलित नेपाल कानून, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिमा भएका प्रावधानहरु र त्यसमा अन्तरनिहित मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनका सिद्धान्त तथा मूल्य मान्यताप्रति प्रतिवद्ध रही मानवीय मर्यादाकों सम्मान र संरक्षण गर्दै आफ्नो कार्य सम्पादन गर्नु पर्छ ।

४.८ सरकारी वकीलले नेपाल सरकार वादी हुने मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसका उचित आधार र कारण खुलाउनु पर्छ र मुद्दा चलाउने वा नचलाउने निर्णयको औचित्य र आधार सो निर्णयबाट प्रष्ट रुपमा देखिनु र खुल्नु पर्छ ।

४.९ सरकारी वकीलले गर्ने कार्य नागरिक मैत्री बनाउन सरकारी वकीलको कार्य सम्पादन उच्च व्यवसायिक र विशेषज्ञता सहित स्वच्छ, तर्कसँगत, सद्विवेक र न्यायोचित आधारमा हुनु पर्छ ।

महान्यायाधिवक्ताको कार्यालय

४.१० सरकारी वकीलले संवैधानिक सर्वोच्चता, कानूनी राज्यको अवधारणा र न्यायका मान्य सिद्धान्तको पालना गर्दै आफ्नो ज्ञान, सीप र विवेकको प्रयोग गरी कार्य सम्पादन गर्नुपर्छ ।

४.११ सरकारी वकील इजलास समक्ष शिष्टतापूर्वक प्रस्तुत हुनु पर्छ । सरकारी वकीलले अदालतमा उपस्थित हुँदा अदालतका कर्मचारी, अभियुक्त, पीडित र विपक्षी कानून व्यवसायीसँग उचित र सम्मानजनक व्यवहार गर्नुपर्छ ।

४.१२ सरकारी वकीलले नेपाल सरकारको हक हित प्रतिकूल हुने गरी मुद्दामा बहस पैरवी लगायत कुनै पनि कार्य गर्नु हुँदैन । सदैव कानून र न्यायको पक्षमा बहस, पैरवी र प्रतिरक्षा गर्नुपर्छ । विवादका दुवै पक्ष सरकारी निकाय रहेछन् भने जसमा राज्यको बढी सरोकार र हित निहित रहेकोछ सोही पक्षको तर्फवाट  बहस प्रतिरक्षा गर्नु पर्छ । विपक्षी वनाइएका दुई वा सो भन्दा बढी सरकारी निकायका लिखित जवाफहरुको ब्यहोरा फरक फरक रहेछ भने जुन कुरामा राज्यको हित हुन्छ वा जुनकुरा न्यायोचित छ सोही पक्षमा बहस पैरवी गर्नुपर्छ ।

४.१३ सरकारी वकीलले आफूले सम्पादन गर्नु पर्ने कुनै कार्यका सम्बन्धमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो विषयमा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्षरुपमा सम्बन्धित भएमा सरकारी वकीलले सो कुराको स्पष्ट रुपमा  बुझिनेगरी स्वेच्छाले आफूभन्दा माथिल्लो तहको सरकारी वकीललाई जानकारी गराई निर्णय वा प्रतिरक्षामा भाग लिनुहुँदैन । यस्तो जानकारी गराउँदा पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले मुद्दा व्यवस्थापन विभागको नायब महान्यायाधिवक्तालाई र नायब महान्यायाधिवक्ताले महान्यायाधिवक्तालाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट आफू अलग रहनु पर्छ ।

४.१४ सरकारी वकीलसँग सम्बन्धित हरेक काम कारवाहीमा सरकारी वकीलले सार्वजनिक उद्देश्यलाई महत्व दिने तथा निजी स्वार्थ र सार्वजनिक स्वार्थका बीच द्वन्द्व उत्पन्न हुने स्थिति भएमा स्पष्ट रुपमा सार्वजनिक स्वार्थका पक्षमा उभिनु पर्छ ।

४.१५ सरकारी वकीलले सदैव पीडित तथा साक्षीको संरक्षणमा ध्यान दिनु पर्छ ।

४.१६ कार्य सम्पादनको क्रममा कुनै पनि रुपको यातनालाई प्रोत्साहन दिनु हुँदैन ।

४.१७ विशेष प्रकृतिका मुद्दामा पक्षको परिचयात्मक विवरण गोप्य राख्नु राख्न लगाउनु पर्दछ ।

महान्यायाधिवक्ताको कार्यालय

## ५ सरकारी वकीलहरुको स्वतन्त्रता सम्बन्धी आचरण

सरकारी वकीलले देहाय बमोजिम स्वतन्त्रता सम्बन्धी आचरण पालन गर्नु पर्नेछ।

५.१ सरकारी वकीलले गर्ने_अभियोजनात्मक कार्य तथा आफूले सम्पादन गर्नु पर्ने अन्य कार्य गर्दा तथ्यको निरुपण र कानूनको प्रयोग सही र स्वतन्त्र रुपमा गर्नु पर्छ। कर्तव्यको पालना गर्दा कसै प्रति झुकाव, मोलाहिजा वा वदनियत नराखी, आन्तरिक वा बाह्य, प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रुपमा आउन सक्ने प्रभाव, दबाब, भनसुन, धम्की वा आग्रहबाट प्रेरित वा प्रभावित नभई अविचलित रुपमा उचित समयमा स्वतन्त्रतापूर्वक गर्नुपर्छ।

५.२ सरकारी वकीलले आफ्नो सामाजिक सम्बन्ध कायम गर्दा आफ्नो कार्य सम्पादनमा प्रभाव नपरोस भन्ने कुरामा ध्यान दिनुपर्छ। सामाजिक सम्बन्धको कारणले सरकारी वकीलको कार्य सम्पादनमा पर्न सक्ने प्रभाव र विशेष गरेर आफूले गर्नु पर्ने कार्यसँग सम्बन्धित व्यक्तिहरुबाट पर्न सक्ने प्रभाववाट स्वतन्त्र रहनुपर्दछ।

५.३ सरकारी वकीलहरुले पूर्व अख्तियारी वा विभागीय सहमति विना विदेशी राष्ट्र, संस्था वा स्वदेशी वा विदेशी गैर सरकारी संस्थासँग कार्यगत सम्पर्क र सहकार्य गर्नु हुँदैन।

५.४ सरकारी वकीलले आफ्नो कार्य सम्पादनको सिलसिलामा प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने बिषय तथा आवश्यक हदमा अभियोजनात्मक र व्यवसायिक गोपनीयता कायम राख्नु पर्छ।

५.५ सरकारी वकीलले सरकारी वकीलको व्यवसायिक, संस्थागत एवम् कार्यगत स्वतन्त्रता कायम राख्न र अभिवृद्धि गर्न हरसंभव प्रयास गर्नुपर्छ। प्राप्त भएको व्यवसायिक स्वतन्त्रता र उन्मुक्तिको दुरुपयोग गर्नु हुदैन।

५.६ सरकारी वकीलको व्यवसायिक स्वतन्त्रताको लागि जनआस्था तथा जनविश्वासको अभिवृद्धि गर्न सरकारी वकीलले उच्चस्तरको न्यायिक आचरण प्रदर्शन र प्रवर्द्धन गर्नुपर्छ।

५.७ मुद्दाका पक्ष वा विपक्ष वा अन्य कसैसँग आफ्नो स्वार्थको लागि पदीय मर्यादा विपरीत धाक, धम्की र त्रास फैलाउने कार्य गर्नु हुदैन।

## ६ सरकारी वकीलहरुको निष्पक्षता सम्बन्धी आचरण

सरकारी वकीलले देहाय बमोजिम निष्पक्षता सम्बन्धी आचरण पालन गर्नु पर्नेछ :

६.१ सरकारी वकीलले आफ्नो कर्तव्य पालनाको प्रयोग गर्दा विना डर, मोलाहिजा नगरी र पक्षपात रहित रुपमा गर्नु पर्छ



महान्यायाधिवक्ताको कार्यालय

६.२ सरकारी वकीलले सदैव आफूलोई न्याय र कानूनको पहरेदारको रुपमा स्थापित गरी कुनै पनि प्रलोभनबाट मुक्त रही निष्पक्षताका साथ कार्य सम्पादन गर्नु पर्छ ।

६.३ सरकारी वकीलले सदैव तटस्थतापूर्वक आफ्नो भूमिका निर्वाह गर्नु पर्दछ । कुनै पनि राजनीतिक दलको पक्ष वा विपक्षमा अभिमत प्रकट गर्न हुदैन ।

६.४ सरकारी वकील व्यक्तिगत वा क्षेत्रगत स्वार्थ वा सार्वजनिक वा प्रेस जगतको दवावबाट प्रभावित हुनु हुँदैन ।

६.५ सरकारी वकीलले आफ्नो पक्षलाई फाइदा पुऱ्याउन जानी-जानी वदनियतपूर्वक कायम नरहेको नजीर पेश गर्न वा मुद्दामा लागू नहुने खारेज वा संशोधन भएको कानूनको जिकिर लिन हुँदैन ।

६.६ सरकारी वकीलले मिसिलमा नभएको तथ्य जानी जानी अदालतमा प्रस्तुत गर्नु हुँदैन ।

६.७ सरकारी वकीलले गैर कानूनी रुपमा काम गर्ने उपर उचित कारबाही गराउन उद्यत हुनु पर्छ ।

६.८ सरकारी वकीलले समाज, पीडित एवं अभियुक्तलाई निष्पक्ष रुपमा न्याय प्राप्त होस भन्ने ध्येय राखी कार्य सम्पादन गर्नुपर्दछ र सदैव सत्यको खोजी गर्ने एवं सत्यता प्राप्त गराउने कार्यमा अदालतलाई मद्दत गर्नु पर्छ ।स्वच्छ सुनुवाईको प्रत्याभूतिका लागि प्रयत्नशिल हुनुपर्छ ।

६.९ सरकारी वकीलले आफूले गर्ने कार्यमा असर पर्ने गरी वा स्वच्छतामा नै स्पष्टतः आँच आउने गरी जानाजान कुनै प्रकारको टिकाटिप्पणी गर्न वा स्वच्छ सुनुवाईमा असर पर्ने गरी सार्वजनिक वा अन्य रुपमा कुनै अभिव्यक्ति दिनु हुँदैन ।

६.१० सरकारी वकीलले जातजाति, वर्ण, लिङ्ग, धर्म, फरक क्षमता, उमेर, वैवाहिक स्थिति, राष्ट्रियता, सामाजिक तथा आर्थिक अवस्था वा अन्य त्यस्तै कुनै आधारमाव असमान व्यवहार नगरी निष्पक्षता कायम गर्नु पर्दछ । बरु महिला, बालबालिका, पीडित एवं निजका परिवारसँग सम्बन्धित विषयमा गंम्भीर, सजग र संवेदनशील भई कार्य गर्नुपर्दछ ।

६.११ सरकारी वकीलले कार्य सम्पादन गर्दा कुनै व्यक्ति वा समूहप्रति अप्रासंगिक आधारमा बोलेर, लेखेर, आचरणद्वारा वा अन्य कुनै तरिकाबाट पक्षपात वा पूर्वाग्रहपूर्ण व्यवहार गर्नुहुँदैन ।

६.१२ सरकारी वकीलले आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै कार्य वा व्यवहार गर्दा सम्बद्ध सबै पक्ष वा व्यक्तिप्रति यथोचित विचार पुऱ्याउनुपर्दछ ।

६.१३ सरकारी वकीलले मुद्दाका पक्षहरू, साक्षीहरू, कानून व्यवसायीहरू, अदालतका कर्मचारीहरू तथा न्यायाधीशहरूप्रति कर्तव्यपालनसँग सरोकार नरहेका कुनै अप्रासंगिक कुराको आधारमा कुनै प्रकारको भेद्भावपूर्ण व्यवहार गर्नुहुंदैन ।

६.१३ सरकारी वकीलले नेपालको विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरू बीच वैमनस्यता उत्पन्न गराउने वा सामाजिक सद्भाव खलवलिने वा उनीहरुको आत्मसम्मानमा ठेस लाग्ने कुनै काम गर्नु हुँदैन ।

६.१४ सरकारी वकीलले आफूले सम्पादन गर्ने कार्यमा असर पर्ने गरी वा अनुसन्धान, अभियोजन वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा आँच आउने गरी सार्वजनिक आलोचना वा टिप्पणी वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन ।

६.१५ सरकारी वकीलले सेवाबाट अवकास भएको एक वर्षसम्म आफू सेवामा रहदा सम्बन्ध रहेका व्यक्ति कम्पनी, सँस्था वा कुनै फर्ममा काम गर्न र सेवामा रहदा व्यक्तिगत वा पदीय सम्बन्ध रहेका मुद्दामा कुनै पनि कार्य गर्नु हुँदैन ।

**७.सरकारी वकीलहरुको सहयोगात्मक आचरण**

सरकारी वकीलले देहाय बमोजिम सहयोगात्मक आचरण पालन गर्नु पर्नेछः

७.१ सरकारी वकीलले आफ्नो पदीय कर्तव्य निर्वाहको निष्पक्षता र प्रभावकारिताका लागि प्रहरी, अदालत, कानूनी व्यवसायी तथा सरकारी एवं सार्वजनिक संस्थालाई सहयोग गर्नु पर्छ ।

७.२ सरकारी वकीलले जानी-जानी गैर कानूनी कार्यका लागि प्रोत्साहन गर्न हुँदैन ।

७.३ सरकारी वकीलको व्यवहार सदैव लैङ्गिग मैत्री र पीडित मैत्री हुनुपर्दछ र कमजोर वर्गप्रति विशेष संवदेनशील रहनु पर्छ । अपराध पीडितलाई आवश्यक सहयोग गर्न क्रियाशील हुनुपर्दछ ।

७.४ सरकारी वकीलले कार्य सम्पादनका कममा सरोकारवालाहरुसँग समन्वय कायम गर्ने प्रयत्न गर्नु पर्छ ।

**८ सरकारी वकीलहरुको सदाचार सम्बन्धी आचरण**

सरकारी वकीलले देहाय बमोजिम सदाचार सम्बन्धी आचरण पालन गर्नु पर्नेछः

८.१ सरकारी वकीलका हरेक क्रियाकलाप सदाचारपूर्ण हुनु पर्दछ । सदाचार विपरीतका कार्य वा सदाचार विपरीत देखिने कुनै पनि कार्य गर्नबाट सरकारी वकील अलग रहनुर्पछ ।

८.२ सरकारी वकील आफ्नो कार्य सम्पादनका कममा बहस पैरवी गर्ने कानून व्यवसायीहरू र अन्य सरोकारवाला व्यक्तिसँगको व्यक्तिगत सम्बन्ध र सम्पर्कको कारणबाट पक्षपात वा मोलाहिजा गरिएको छ कि भनी आशंका हुने स्थितिबाट अलग रहनु पर्दछ ।

महान्यायाधिवक्ताको कार्यालय

८.३ सरकारी वकीलले आफ्नो परिवारका कुनै सदस्यले कानून व्यवसायीको रुपमा प्रतिनिधित्व गरेको वा अन्य कुनै किसिमले संलग्न रहेको मुद्दामा सहभागी हुनु हुंदैन ।

८.४ सरकारी वकीलले आफूले प्रयोग गरिआएको आवासमा कसैलाई कानून व्यवसाय सञ्चालन गर्न वा विवादका पक्षहरूसँग भेटघाट गर्न दिनु हुँदैन ।

८.५ सरकारी वकीलले अन्य नागरिक सरह विचार र अभिव्यक्तिको स्वतन्त्रता वा कुनै संघ संस्था खोल्ने वा सदस्य हुने वा भेला हुने अधिकार राख्दछ । तर त्यस्तो अधिकारको प्रयोग गर्दा सदा आफ्नो पदको गरिमा, स्वतन्त्रता एवं निष्पक्षता जोगाई राख्ने गरी गर्नुपर्दछ ।

८.६ सरकारी वकीलले आफ्नो व्यक्तिगत वा आफूलाई कानूनबमोजिम प्राप्त हुने आर्थिक लाभ वा स्वार्थबारे जानकारी राख्नुपर्दछ । साथै आफ्नो परिवारका सदस्यहरूको आर्थिक कारोवार एवं स्वार्थ बारे जानकारी राख्ने उचित प्रयास गर्नुपर्दछ

८.७ सरकारी वकीलले आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरूलाई आफूले सम्पादन गर्ने न्यायिक कार्य वा निर्णयमा अनुचित प्रभाव पार्न दिनुहुँदैन ।

८.८ सरकारी वकीलले आफ्नो वा आफ्नो परिवारका सदस्यको वा अरु कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको उपयोग गर्न वा गर्न दिनु हुंदैन ।

८.९ सरकारी वकीलले आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण प्रत्येक वर्ष प्रचलित कानुनबमोजिम निर्धारित समयावधिभित्र तोकिएको ढाँचामा तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

८.१० सरकारी वकील आफैंले वा आफ्नो परिवारको सदस्य मार्फत आफ्नो कामसँग सम्बन्धित व्यक्तिहरूसँग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानूनी रूपमा रकम प्राप्त गर्न हुँदैन ।

८.११ सरकारी वकीलले सदैव पेशागत निष्ठाका साथ कार्य सम्पादन गर्नु पर्छ र आम सरोकारवालालाई त्यसको अनुभूति दिलाउन प्रयत्न गर्नु पर्छ ।

८.१२ सरकारी वकीलले कार्यस्थलमा यौनहिंसा नहुने वातावरणको सिर्जना गर्नुपर्दछ र अन्तर्गतका कर्मचारीप्रति समेत उनीहरुको भावनाको कदर गर्नु र संवेदनशील बन्नुपर्छ ।

८.१३ मुद्दाका पक्षहरूसँग मुद्दा टुङ्गो नलागेसम्म निजहरुले आयोजना गरेको निजी भोज भतेरमा जानु हुँदैन ।

महान्यायाधिवक्ताको कार्यालय

८.१४ सरकारी वकीलले इजलासमा उपस्थित हुँदा तथा कार्यालयमा रहँदा निर्धारित पोशाक लगाउनु पर्छ ।

**<u>९ सरकारी वकीलहरुको क्षमता विकास सम्बन्धी आचरण</u>**

सरकारी वकीलले देहाय बमोजिम क्षमता विकास सम्बन्धी आचरण पालन गर्नु पर्नेछ ।

९.१ सरकारी वकीलले सदैव अध्ययनशील रही आफ्नो व्यवसायिक व्यक्तित्व स्थापित गर्नु पर्छ । सरकारी वकीलले आफ्नो व्याबसायिक स्तरलाई सदैव कायम र विकास गर्न नियमित अध्ययन गर्नु पर्छ ।

९.२ सरकारी वकील संविधान, कानून र न्यायका मान्य सिद्धान्त अनुरूप न्याय र कानूनका क्षेत्रमा विकसित नवीनतम अवधारणासँग सदैव परिचित र अध्यावधिक रही त्यसको परिपालना गर्न प्रतिवद्ध रहनु पर्दछ ।

९.३ सरकारी वकीलले न्यायका सरोकारवालावाट माग हुने गरेको विशेषज्ञयुक्त सेवा प्रदान गरी न्यायपूर्ण समाजको स्थापना र विकास गर्न अध्ययनशील हुनुपर्दछ र उच्च मनोवल र सकारात्मक सोचकासाथ कार्य गर्नुपर्दछ ।

## परिच्छेद -३

## विविध

**<u>१० आचार संहिताको व्याख्या :</u>**

यस आचार संहिताको कार्यन्वयन गर्दा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा महान्यायाधिवक्ताले व्याख्या गरी त्यस्तो द्विविधालाई स्पष्ट गर्नेछ र महान्यायाधिवक्ताले गरेको त्यस्तो व्याख्या अन्तिम हुनेछ ।

**<u>११. अनुगमन र कारवाही सम्बन्धी व्यवस्था:</u>**

११.१ यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा सरकारी वकीलको प्रचलित कानुन बमोजिमको सुपरिवेक्षकले नियमित अनुगमन गर्नु पर्नेछ ।

११.२ उपदफा १ बमोजिम सुपरिवेक्षकले गरेको अनुगमनबाट आचार संहिताको उल्लंघन गरेको देखिएमा सो को जानकारी सहितको प्रतिवेदन महान्यायाधिवक्ता समक्ष पेश गर्नु पर्नेछ ।

महान्यायाधिवक्ताको कार्यालय

११.३ आचार संहिताको उल्लघंन गरेकोले कारवाही गरी पाँउ भनी सरकारीवकील उपर महान्यायाधिवक्ता समक्ष उजुरी गर्न सकिने छ ।त्यस्तो उजुरी परेमा सात दिन भित्र छानविन गराई टुंगो लगाइने छ ।

११.४ उपदफा २ बमोजिम प्रतिवेदन प्राप्त भएमा वा उपदफा ३ बमोजिम छानविनबाट आचार संहिता पालना नभएको देखिएमा आचरण पालना नगर्ने सरकारी वकीललाई उल्लंघनको मात्रा अनुसार निजउपर प्रचलित कानुन बमोजिम विभागीय कारबाही गरी सो को अभिलेख राखिनेछ ।

**१२. खारेजी:-** सरकारी वकीलहरुको व्यवसायिक आचार संहिता, २०५८ खारेज गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालय